लघु कथा
शीर्षक : आज पनि खुलेन यादहरुको बहिखाता।

एकदिन सुन्दै थिएँ शिलापत्र पोड्कास्ट , लेखक कुमार नगरकोटीको आवाज बोलिरहेको थियो " अधुरा यादहरु मधुरा हुन्छन् "
एक्कासी मलाई आफ्नै यादहरुको याद आयो , बिद्धुतिय चुलोमा प्याँज भुट्दै गरेको हात हठात् पावर पोइन्टमा पुग्यो , चुलो बन्द भयो , प्याज डढाएको आरोपबाट मुक्त भैयो , आनन्द लाग्यो , सरासर बेडरुममा गए , डायरी लिएर बसेँ खोल्न अधुरा यादहरुका बहिखाता ।

थोरै डायरीको पनि कुरा गर्छु ,हस् ?
उक्त डायरी मलाई मेरो सैतिसौ जन्मदिनमा आफ्नै सुपुत्रीबाट जन्मदिनको उपहार स्वरुप प्राप्त भएको थियो , क्रप टि सर्ट , टिपिक्क मिनिस्कटमा उसकी अधबैंसे आमा खुब राम्री लाग्छ उसलाई , प्राय जन्मदिनमा यस्तै यस्तै उपहार म पाउने गर्थें । यति सानो कुरा के अनुमति मागी लेखेको होला लेखकले हजुरलाई लाग्न सक्छ , खास कुरा छ क्या अहिले सन्दर्भ आउँदा खुलाउने नै छु।

नेपालको माया छँदैछ न्युजिल्यान्ड पनि मेरो मुटु मै बसेको देश हो , प्राकृतिक छटा वास्तवमै अवर्णनीय छ र पनि केही लेख्न मलाई मेरो शयनकक्षमा पसारिएको मध्यम दर्जाको सुत्ने खाट, खज्मजिएको तन्न्नामाथि खुट्टा पसारेर ओढ्नै पर्छ प्रिय पुरानो फाइबरको सिरक। उसै गरेँ ।
एक झडपमै , यादहरु बिस्मृतिको शहरमा लोप भैहाले ,
झट्ट उठेँ ओछ्यानबाट ,खज्मजिएको तन्ना मिलाएँ , सिरक पट्याएर नेपाली ढाँचामै ओछ्यानको कुनामा सपक्क राखेँ , फेरि खुट्टा पसारेर अर्को असफल प्रयास गरेँ , यादहरुलाई मुन्ट्याएर स्मृतिको गाउँमा फर्काउन , अहँ : हुँदै भएन , झन् भएन । बरु मिनिस्कटले नछोपिएको नाङ्गो तिघ्रा माथि ढसमस्स बसेको डायरीको आवरण पृष्ठमा उत्ताउलीरहेका तीन बेस्या पुरुष क्रमशः लिसन , फील यान्ड कुयट अचानक मेरो सर्बाङ्ग छुँदै , चुम्दै यसरी सम्मोहनमा पारे कि एकछिनमै म तिनको आलिङ्गनमा थिएँ , संसर्गको परम आनन्दमा थिएँ , कसरी बर्णन गरुँ जस्तो कि एक नब बधु साँच्चिकै कुमारी नब बधु , मैले किन साँच्चिकै थपेँ बुझ्नु भयो नि ? हो सुहाग रात कि उनी ,अलि चित्त बुझेन , अँ , प्रेम उन्मादले मत्त भएर सयौं हजारौंको आँखा छली बन्द कोठामा निस्फिक्री प्रेमिको छाती माथी कान थापीरहेकी प्रेमिका होईन यो झन् भएन , साँच्चै एक जोगी सुनसान रातमा मसान घाटमा एक खुङ्खार बेस्यासँगको कामालापमा , म बाट भएन ,तुलना छोडिदिएँ अधुरो नै
अघि नै भनेँ मसँग जोडिएका , यात्राको क्रममा छोडिएका , यादहरु नै पनि सबका सब यसरी नै अधुरो छुटे। बरु तिनै सुन ! अनुभुत गर ! सिर्जना गर ! तिनै सँगको पालै पालोको घमासान समागम पछि थोरै थकित , धेरै पुलकित हुँदै थचक्क बसेँ ओछ्यानमा फेरि , डायरीलाई पहिलेकै अबस्थामा बन्द गरिदिए , आज पनि खुलेन यादहरुको बहीखाता।